# माध्यमिक शिक्षा पाठ्यक्रम
# २०७६
# पर्यटन तथा पर्वतारोहण

**कक्षा : ११ र १२** **विषय सङ्केत :** Tms. 305 (**कक्षा ११**), Tms. 306 (**कक्षा १२**)

**पाठ्यघण्टा : ५** **वार्षिक कार्यघण्टा : १६०**

## १. परिचय

प्राकृतिक सम्पदाको बोध, संरक्षण, सदुयोग र व्यवस्थापन गर्ने, पर्यटन तथा पर्वतारोहण विषयको सैद्धान्तिक तथा प्रयोगात्मक पक्षका बारेमा आधारभूत ज्ञान तथा सिप प्रदान गर्ने उद्देश्यका साथ कक्षा ११ र १२ को पर्यटन तथा पर्वतारोहण विषयको पाठ्यक्रम विकास गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनबमोजिम विद्यालय शिक्षाको माध्यामिक तह (कक्षा ११ र १२) मा पर्यटन तथा पर्वतारोहण विषयको यस पाठ्यक्रममा पर्यटन तथा पर्वतारोहणसम्बद्ध आधारभूत विषयवस्तु समावेश गरिएको छ । यो पाठ्यक्रमको अध्ययनपश्चात् पर्यटन उद्योगका विभिन्न अङ्गहरू, तिनका बिचको अन्तरसम्बन्ध, क्रियाकलाप तथा प्रभावहरूका बारेमा परिचित गराई त्यसको सदुपयोग गर्न उत्प्रेरित गर्ने अपेक्षा राखिएको छ । यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाको आधारसमेत तयार गर्ने अपेक्षा छ ।

पर्यटन तथा पर्वतारोहण विषयको यस पाठ्यक्रमो पर्यटन, पर्वतारोहण तथा यसले मानिसहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनमा पार्ने प्रभाव, पर्यटनका आधारभूत अवधारणा, पर्यटनका विभिन्न अङ्गहरू, पदयात्रा, जलयात्रा जस्ता विषयवस्तु समावेश गरिएको छ । त्यसै गरी यसमा पर्यटक यात्राको उत्प्रेरणा, पर्यटनको उद्भव र विकास, पर्यटन बजार व्यवस्थापन, पर्यटन सङ्गठनहरू, नेपालमा पर्यटनको विकास, साहसिक पर्यटनको अवधारणा, पर्वतारोहण पर्यटनको अवधारणा र यसका विभिन्न पक्षहरू, नेपालमा पर्वतारोहण पर्यटनको अवस्था जस्ता विषयवस्तु समावेश गरिएको छ । यस पाठ्यक्रममा उल्लिखित विषयवस्तुमा सैद्धान्तिक तथा प्रयोगात्मक पक्षको सिकाइ गर्न विद्यार्थीकेन्द्रित सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा जोड दिइएको छ । यसबाट विषयवस्तुमा आधारित भई प्रयोगात्मक अभ्यास, स्थलगत अध्ययन भ्रमण, खोजमूलक निरन्तर सिकाइ, सिकाइ र मूल्याङ्कनक पद्धतिलाई प्रयोगात्मक र खोजमूलक बनाउन सहज हुने अपेक्षा गरिएको छ । यस पाठ्यक्रमले ज्ञान पक्षमा भन्दा पनि सिप तथा अभिवृत्तिमा जोड दिई विषयको अध्ययनलाई व्यवहारिक र प्रयोगात्मक बनाउने प्रयास गरेको छ । पर्यटन तथा पर्वतारोहण क्षेत्रमा आएका नयाँ नयाँ अवधारणा र परिवर्तित प्रविधि र पद्धतिलाई समेत ध्यान दिएर यो पाठ्यक्रम तयार गरिएको छ । यसर्थ पर्यटन तथा पर्वतारोहण विषयको पाठ्यक्रम विकास गर्दा उल्लिखित विषयवस्तुको अवधारणा विकास, अभ्यास र निरन्तर सिकाइ तथा मूल्याङ्कनबिचको सन्तुलन कायम गरिएको छ ।

यस पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षाकगत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेऐिको छ । यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया प्रस्तुत गरिएको छ । यसमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रियासमेत उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. तहगत सक्षमता

माध्यामिक तह (कक्षा ११ र १२) को अध्ययनपश्चात् विद्यार्थीहरूमा समाजशास्त्रका निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. पर्यटनको आधारभूत अवधारणा, यसको विकासक्रम तथा पर्यटनका विविध आयामहरूको विवेचना र विश्लेषण

२. पर्यटन क्षेत्रमा संलग्न सङ्गठनहरूको पहिचान र तिनका भूमिकाको विवेचना

३. पर्यटन बजार व्यवस्थापनका नमुना र विधिहरूको विश्लेषण

४. नेपालमा पर्यटनको विकास, विस्तार तथा प्रभावको बोध र प्रस्तुति

५. साहसिक पर्यटनको अवधारणा बोध र सम्बद्ध पक्षहरूको पहिचान

६. पर्वतारोहण पर्यटनको अवधारणाको पहिचान र हिमाल आरोहणका आयामहरूको विश्लेषण

७. नेपालमा पर्वतारोहण पर्यटन क्रियाकलापहरूको बोध र व्यवस्थापकीय संरचनाहरूको पहिचान

८. पर्यटकहरूका लागि आवश्यक यात्रा योजना र यात्रा विवरणिका निर्माण

९. स्थानीय तहमा सामान्य पर्यटन सेवाको सञ्चालन

१०. पर्यटन वस्तु तथा सेवाहरूको मूल्य निर्धारण र बिक्री सम्बन्धी पक्षहरूको विश्लेषण

११. नेपालका प्रमुख पर्यटकीय स्रोतहरूको पहिचान र संवर्धन

१२. पर्यटन तथा पर्वतारोहण क्षेत्र सम्बद्ध ज्ञानसिपको स्थानीय स्तरमा व्यावसायिक उपयोग

## ३. कक्षागत सिकाइ उपलब्धि

**कक्षा ११**

माध्यमिक तह कक्षा ११ को पर्यटन तथा पर्वतारोहण विषय अध्ययन गरेपछि विद्यार्थीहरू निम्नलिखित विषयमा समर्थ हुने छन् :

१. पर्यटन र पर्यटकको अवधारणा तथा विकासक्रमको व्याख्या गर्न

२. पर्यटकहरूको रुचि र आवश्यकता पहिचान गर्न

३. पर्यटनका आयामहरूको व्याख्या तथा विश्लेषण गर्न

४. पर्यटकहरूको उत्प्रेरणाको पहिचान र व्याख्या गर्न

५. पर्यटनको विकासक्रमको व्याख्या तथा पर्यटनका नवीनतम प्रवृत्तिहरूको पहिचान गर्न

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन सङ्गठनहरूको भूमिका र कार्यको सूची निर्माण गर्न

७. पर्यटन क्षेत्रमा उपयोगी वस्तुहरूको बिक्री र प्रवर्धनका लागि उपयुक्त विधिहरूको छनोट गर्न,

८. पर्यटन क्षेत्रमा उपयोगी वस्तुहरूको बिक्री वितरणका लागि उपयुक्त माध्यमहरू पहिल्याउन,

९. नेपालमा पर्यटनको विकास, विस्तार तथा प्रभावको विश्लेषण गर्न

१०. नेपालका प्रमुख पर्यटकीय स्रोतहरू तथा प्राकृतिक र सांस्कृतिक सम्पदाहरूबारे परिचित हुन

११. पर्यटनका सकारात्मक प्रभावहरूको व्याख्या गरी यसका असरहरू न्यूनीकरण गर्नका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्न

१२. दिगो पर्यटन विकासका सिद्धान्त र अवधारणाहरूको व्याख्या गर्न

१३. साहसिक पर्यटनको अवधारणा र यसका प्रकारहरूको पहिचान तथा पर्वतारोहण पर्यटनका विविधि आयामहरूको विश्लेषण गर्न

१४. पर्वतारोहण पर्यटनको विकासक्रम र यसबाट हुने फाइदा तथा चुनौतीहरूको आँकलन गर्न

१५. नेपालमा पर्वतारोहण पर्यटनको विकास, यस क्षेत्रमा संलग्न संस्थाहरू तथा पर्वतारोहण पर्यटनको विद्यमान अवस्थाको विश्लेषण गर्न

१६. पर्वतारोहण पर्यटनसम्बन्धी समसामयिक विधि र प्रक्रियामा अद्यावधिक हुन

**कक्षा १२**

माध्यमिक तह कक्षा १२ को पर्यटन तथा पर्वतारोहण विषय अध्ययन गरेपछि विद्यार्थीहरू निम्नलिखित विषयमा समर्थ हुने छन् :

१. पर्यटनमा अवकाश र आनन्दको सम्बन्ध र महत्त्वको व्याख्या गर्न

२. विभिन्न प्रकारका पर्यटकीय आवास व्यवस्थाहरूबारे अद्यावधिक हुन

३. पर्यटकहरूका लागि विभिन्न पर्यटकीय क्रियाकलापसम्बन्धी यात्रा योजना तथा यात्रा विवरणिका निर्माण गरी लागु गर्न

४. पर्यटनमा ट्रालभ एजेन्सी तथा ट्रेकिङ एजेन्सीहरूको भूमिका र तिनको महत्त्वको व्याख्या गर्न

५. भ्रमण, पदयात्रा तथा जलयात्रासम्बन्धी क्रियाकलापको मूल्य निर्धारणका विधिहरूको विश्लेषण गर्न

६. विभिन्न प्रकारका पर्यटन सेवाहरू प्राप्त गर्ने विधि र प्रक्रियासँग परिचित हुन,

७. होटल, पदयात्रा तथा र्‍याफ्टिङ र यातायात सेवाको बिक्री विधिहरूको व्याख्या गर्न

८. पर्यटकहरूको आगमन तथा प्रस्थानसम्बन्धी प्रक्रियाहरूको सूची निर्माण गर्न

९. ग्राहक सेवाका आधारभूत गुणहरूको विश्लेषण गर्न

१०. यात्रासम्बन्धी सूचना स्रोत र आवश्यक डकुमेन्ट/सामग्रीहरूको सूची निर्माण गर्न

११. हवाई टिकट तथा हवाई भाडासम्बन्धी नियम र प्रक्रिया उल्लेख गर्न

१२. हिमाल आरोहणका प्रकार, चुनौती र अपनाउनुपर्ने सावधानीका विविध पक्षको व्याख्या गर्न

१३. पर्वतारोहण पर्यटनसम्बन्धी अवधारणाका साथै पर्वतारोहणका प्रक्रियाका बारेमा परिचित हुन

१४. हिमाल आरोहणका आधारभूत ज्ञान र सिप हासिल गर्न

## ४. विषयवस्तुको क्षेत्र र क्रम

**कक्षा ११**

| एकाइ | विषयक्षेत्र | विषयवस्तु | पाठ्यघण्टा |
|---|---|---|---|
| **खण्ड १ : यात्रा र पर्यटन** | | | |
| १. | **पर्यटनको अवधारणा** | १.१ पर्यटनको अवधारणा र अर्थ<br>१.२ पर्यटनको परिभाषा : प्राविधिक तथा अवधारणात्मक परिभाषा<br>१.३ पर्यटनको प्रकृति र विशेषता | ५ |

| | | | |
|---|---|---|---|
| | | १.४ पर्यटनको स्वरूप र प्रकार<br>१.५ पर्यटन उद्योग<br>१.६ पर्यटकको परिभाषा : यात्रु र दिवा पर्यटक<br>१.७ पर्यटकको वर्गीकरण | |
| २. | **पर्यटनका आयाम** | २.१ पर्यटनका पाँचओटा ...एÚ आयाम - आकर्षण, पहुँच, आवास व्यवस्था, सर्वसुविधा र क्रियाकलाप<br>२.२ उत्प्रेरणा आयाम : उत्प्रेरणाको परिभाषा र पर्यटक उत्प्रेरणाह उत्प्रेरणका प्रकार : आन्तरिक तथा बाह्य उत्प्रेरणाह दबाबात्मक तथा आकर्षणात्मक तत्त्वह निष्पृहता तथा उत्सुकता आयामह पलायनमुखी तथा अन्वेषणात्मक आयामह स्वनिर्भर (साहसिकता) तथा पराश्रित (मनोकेन्द्रित) । | ८ |
| ३. | **पर्यटनको उद्भव र विकास** | ३.१ पर्यटनका उद्भव र विकासका चार चरण<br>३.२ प्रारम्भिककालको यात्रा : उद्देश्य र यातायातको माध्यम<br>३.३ मध्यकालमा यात्रा : पर्यटनका प्रभावकारी तत्त्व<br>३.४ औद्योगिक क्रान्ति र बृहत् पर्यटनको जन्म<br>३.५ आधुनिक यातायातको उद्भव र विकास तथा पर्यटन<br>३.६ आधुनिक आवास उद्योगको उद्भव र विकास तथा पर्यटन<br>३.७ विश्व परिप्रेक्ष्यमा पर्यटनको वर्तमान प्रवृत्ति | ८ |
| ४. | **पर्यटन सङ्गठन** | ४.१ पर्यटनमा सङ्गठनको परिचय र आवश्यकता<br>४.२ प्रमुख अन्तर्राष्ट्रिय पर्यटन सङ्गठन, तिनको भूमिका र कार्य : विश्व पर्यटन सङ्गठन (UNWTO), अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO), अन्तर्राष्ट्रिय हवाई यातायात सङ्घ (IATA), एसिया प्रशान्त क्षेत्रीय ट्राभल एजेन्सी एसोसियन (PATA)<br>४.३ प्रमुख राष्ट्रिय पर्यटन सङ्गठन, तिनको भूमिका र कार्यसंस्कृति : पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (MocTCA), नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड, नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स, ट्रेकिङ एजेन्ट एसोसियसन नेपाल, होटल एसोसियसन नेपाल तथा नेपाल राफ्टिङ एजेन्सी एसोसिएसन | ८ |

| | | | |
|---|---|---|---|
| ५. | **पर्यटन बजार व्यवस्थापन** | ५.१ बजार व्यवस्था र पर्यटन बजार व्यवस्थाको सामान्य अवधारणा<br>५.२ पर्यटन बजार व्यवस्थाका खास विशेषता<br>५.३ पर्यटन बजार व्यवस्था सम्मिश्रण : सात ...पीÚ मोडल (वस्तु, मूल्य, स्थान, प्रवर्धन, भौतिक वातावरण, प्रक्रिया र मानिस)<br>५.४ बजार व्यवस्था प्रवर्धनका विधि : सञ्चार र विज्ञापन, जनसम्पर्क, बिक्री प्रवर्धन र प्रचार<br>५.५ पर्यटनमा बजार खण्डीकरण<br>५.६ पर्यटन वस्तुको वितरण माध्यम | ८ |
| ६. | **नेपालमा पर्यटन** | ६.१ नेपालमा पर्यटनको उद्भव र विकास<br>६.२ नेपालका पर्यटन पूर्वाधारहरू र पर्यटन वस्तु<br>६.३ नेपालका प्रमुख पर्यटकीय क्रियाकलाप : पर्वतारोहण, पदयात्रा, जलयात्रा, चट्टानारोहण, सांस्कृतिक पर्यटन, ग्रामीण पर्यटन, घरवास पर्यटन, सहरी पर्यटन, जङ्गल सफारी<br>६.२ नेपालका विश्व सम्पदा स्थल, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षण केन्द्र । | ८ |
| ७. | **पर्यटनको प्रभाव** | ७.१ आर्थिक प्रभाव<br>७.२ सामाजिक सांस्कृतिक प्रभाव<br>७.३ वातावरणीय प्रभाव<br>७.४ पर्यटन विकासको दिगो पद्धति, अवधारणा र सिद्धान्त<br>७.५ उत्तरदायी पर्यटनको अवधारणा | ११ |
| | | **खण्ड २ पर्वतारोहण पर्यटन** | |
| ८. | **साहसिक पर्यटनको परिचय** | ८.१ साहसिक पर्यटनको परिभाषा<br>८.२ साहसिक पर्यटनका आधारभूत विशेषता र महत्त्व<br>८.३ साहसिक पर्यटनको वर्गीकरण - हिमालमा आधारित, नदीमा आधारित, समुद्रमा आधारित, प्रकृतिमा आधारित, हिउँमा आधारित, आकासमा आधारित साहसिक पर्यटन<br>८.४ साहसिक पर्यटनका प्रकार र क्रियाकलाप : कठोर साहस र नरम साहस | ४ |
| ९. | **पर्वतारोहण पर्यटनको परिचय** | ९.१ हिमालको परिभाषा र यसका विशेषता : भौगोलिक विभाजन, हावापानीमा विविधता, जैविक विविधता, | ४ |

| | | | |
|---|---|---|---|
| | | जीव तथा वनस्पति, जातीय विविधता<br>९.२ हिमाल र पर्यटनबिचको अन्तरसम्बन्ध<br>९.३ विश्वमा पर्वतारोहणको इतिहास<br>९.४ विश्वका प्रमुख हिमाल<br>९.५ हिमाल आरोहणको उत्प्रेरणा<br>९.६ पर्वतारोहण पर्यटनका फाइदा र नोक्सान | |
| **१०.** | **नेपालमा पर्वतारोहण पर्यटन** | १०.१ नेपालका हिमालहरू तथा ८००० मि.भन्दा अग्ला हिमाल<br>१०.२ नेपालको हिमाली क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक स्रोतसाधन<br>१०.३ नेपालमा पर्वतारोहण तथा पदयात्राको इतिहास<br>१०.४ नेपालको पर्वतीय पर्यटन क्रियाकलाप<br>१०.५पर्वतारोहण अभियान नियमावली, २०५९ र यसका संशोधनहरूमा उल्लेख गरिएबमोजिम नेपालमा पर्वतारोहणसम्बन्धी सामान्य नियम<br>१०.६ नेपाल पर्वतारोहण सङ्घ (NMA) : यसको भूमिका र कार्य<br>१०.७ हिमाल आरोहणका क्षेत्रमा हुने स्वास्थ्य समस्याहरू<br>१०.७ हिमालयन उद्धार सङ्घ (HRA) : यसको भूमिका र कार्य | **१२** |
| **११.** | **पर्वतारोहणसम्बन्धी आधारभूत कुरा** | ११.१ हिमाल आरोहण अभियानको परिचय र आरोहण उपकरण<br>११.२ नेपालमा पर्वतारोहण प्रक्रिया र शुल्क<br>११.३ नेपालमा पर्वतारोहणका लागि खुला गरिएका हिमाल | **४** |
| | **जम्मा** | | ८० |
| | **प्रयोगात्मक** | | ८० |
| | **कुल जम्मा** | | १६० |

कक्षा १२

| एकाइ | विषयक्षेत्र | विषयवस्तु | पाठ्यघण्टा |
|---|---|---|---|
| **खण्ड १ : यात्रा तथा भ्रमण, पदयात्रा र जलयात्रा** | | | |
| १. | **अवकाश, आनन्द र पर्यटन तथा आतिथ्यको परिचय** | १.१ अवकाश, आनन्द र पर्यटन : अर्थ र क्रियाकलाप<br>१.२ पर्यटन आवास व्यवस्था : अर्थ र अवधारणा<br>१.३ पर्यटन आवास व्यवस्थाका प्रकार | ४ |
| २. | **यात्रा विवरणिका** | २.१ यात्रा विवरणिका : अर्थ, परिभाषा र प्रकार<br>२.२ पर्यटनमा यात्रा विवरणिकाको महत्त्व<br>२.३ यात्रा विवरणको योजना र यसमा ध्यान दिनुपर्ने पक्ष<br>२.४ पर्यटन, पदयात्रा तथा ऱ्याफटिङको साधारण यात्रा विवरणिका निर्माण | ९ |
| ३. | **आधारभूत पर्यटन सेवा** | ३.१ यात्रु आवागमन सेवा<br>३.२ आतिथ्य सेवा<br>३.३ ट्राभल एजेन्सी तथा भ्रमण गाइड सेवा<br>३.४ ट्रेकिङ एजेन्सी तथा पदयात्रा गाइड सेवा<br>३.५ यात्रा तथा आतित्थ्य व्यवसायका स्वरूप : एकल स्वामित्व, साझेदारी, कम्पनी/व्यावसायिक, सहकारी, फ्रेन्चाइजी, चेन | ८ |
| ४. | **पर्यटन वस्तु तथा सेवाहरूको मूल्य निर्धारण तथा बिक्री** | ४.१ पर्यटन महसुलको अवधारणा<br>४.२ महसुललाई प्रभाव पार्ने तत्त्व<br>४.३ महसुल आकर्षित पक्ष<br>४.३.१ होटल<br>• होटल आरक्षण प्रक्रिया<br>• आरक्षणका माध्यम<br>• आक्षरणका स्रोत<br>• भोजन योजना तथा कोठाको दरभाउ<br>४.३.२ पदयात्रा तथा ऱ्याफ्टिङ सेवा<br>• पदयात्रा तथा ऱ्याफ्टिङ सेवामा आरक्षण प्रक्रिया<br>• पदयात्रा तथा ऱ्याफ्टिङ सेवामा महसुल<br>४.३.३ यातायात सेवाहरू | ११ |

| | | | |
|---|---|---|---|
| | | • यातायात सेवामा आरक्षण प्रक्रिया<br>• यातायात महसुल<br>४.४ भुक्तानी फिर्ताको प्रक्रिया<br>४.५ पर्यटन वस्तु तथा सेवाको बिक्री | |
| **५.** | **स्वागत तथा स्थानान्तरण** | ५.१ स्वागत तथा जानकारी<br>५.२ आगमन स्थानान्तरण : महत्त्व र प्रक्रिया<br>५.२ निर्गमन स्थानान्तरण :महत्त्व र प्रक्रिया<br>५.२ पर्यटकले भ्रमण गर्दा गर्न हुने र गर्न नहुने कुरा | ४ |
| **६.** | **ग्राहक सेवा तथा आधारभूत बिक्री सिप** | ६.१ ग्राहक सेवाको परिभाषा<br>६.२ अपेक्षित गुण<br>६.३ यात्रा व्यवसायमा आवश्यक पर्ने आधारभूत बिक्री सिल्प<br>६.४ ग्राहक गुनासो व्यवस्थापन | ९ |
| **७.** | **यात्रासम्बन्धी सूचना तथा कागजात** | ७.१ यात्रा सूचनाको अवधारणा र महत्त्व<br>७.२ यात्रा सूचनाका स्रोत : औपचारिक तथा अनौपचारिक<br>७.३ ओएजि ृलाइट गाइड बुक<br>• झिटिगुन्टा छुट<br>• अन्तर्राष्ट्रिय समयको गणना<br>७.४ अन्तर्राष्ट्रिय यात्रासम्बन्धी आवश्यकता : राहतदानी, प्रवेश आज्ञा, भन्सार, मुद्रा, स्वास्थ्यसम्बन्धी प्रमाणपत्र आदि । | ८ |
| **खण्ड २ : हवाई यात्रा** | | | |
| **८.** | **हवाई भाडासम्बन्धी आधारभूत कुरा** | ८.१ अन्तर्राष्ट्रिय हवाई भाडादरसम्बन्धी सामान्य नियम<br>८.२ भाडादरका प्रकार : सामान्य भाडा र विशेष भाडा<br>८.३ भाडादर निर्धारण गर्ने प्रक्रिया<br>८.४ स्थानान्तरणका लागि अस्वीकार्य यात्रु तथा निषेधित यात्रु (डिपोर्टीज)<br>८.५ भुक्तानी फिर्ता, अनुपस्थित यात्रु (No show) र अग्रिम यात्रु (Go show) | ४ |
| **९.** | **यात्रु हवाई टिकट** | ९.१ अर्थ तथा महत्त्व | ४ |

| | | | |
|---|---|---|---|
| | | ९.१ IATA टिकेटिङ : प्रकार तथा टिकट जारी गर्ने सामान्य नियम<br>९.३ IATA टिकटका महत्त्वपूर्ण अङ्ग<br>९.४ विद्युतीय टिकट<br>९.५ हवाईसेवा आरक्षण गर्ने प्रक्रिया | |
| | **खण्ड ३ : पर्वतारोण पर्यटन** | | |
| **१०.** | **पर्वतारोहणका आधारभूत कुरा** | १०.१ हिमाल आरोहणको परिचय<br>१०.२ आरोहणका प्रकार : अल्पिनिजम, हाइ अल्टिच्युड हिमालारोहण र अल्ट्रा लाइटवेट हिमाल आरोहण<br>१०.३ वातानुकूलन हुनु, लेक लाग्नु तथा यसको रोकथाम तथा सुरक्षा<br>१०.४ हिमाल आरोहणका आवश्यक पूर्वतयारी<br>१०.५ पर्वतारोहणका औपचारिकता | ८ |
| **११.** | **पर्वतारोहण अभियान : सिप र ज्ञान** | ११.१ क्याम्प स्थलको छनोट<br>११.२ आरोहण दलको नेतृत्वकर्ताको योग्यता र उसको भूमिका<br>११.३ नेपालमा हिमाल आरोहणमा सरदारको भूमिका<br>११.३ प्राविधिक ज्ञान तथा सिप<br>१३.४ आरोहणसम्बन्धी नियम<br>१३.५ आधारभूत सुरक्षा प्रणाली<br>१३.६ आपत्कालीन रोकथाम तथा सतर्कता<br>१३.७ हिमालमा हुन सक्ने प्रमुख खतरा : चटान खस्ने, हिउँ पर्ने, वर्षा, नदीपार, चट्याङ, हिमपहिरो, विषम तापक्षेत्र, उचाइ, सूर्य तथा विकिरण आदि | ११ |
| | **जम्मा** | | **८०** |
| | **प्रयोगात्मक** | | **८०** |
| | **कुल जम्मा** | | **१६०** |

## ५. प्रयोगात्मक तथा परियोजना कार्य

**कक्षा ११**

| खण्ड १ : यात्रा र पर्यटन | | | |
|---|---|---|---|
| **एकाइ** | **विषयक्षेत्र** | **क्रियाकलाप** | **पाठ्यघण्टा** |
| १. | **पर्यटनको अवधारणा** | विभिन्न प्रकारका पर्यटन गन्तव्य र पर्यटकसम्बन्धी जानकारी दिने श्रव्यदृश्य सामग्रीको खोजी र प्रस्तुति गर्ने | ४ |
| २. | **पर्यटनका आयाम** | कुनै एक स्थानीय प्राकृतिक वा सांस्कृतिक पर्यटन स्थलको भ्रमण गरी त्यहाँ रहेको प्रमुख आकर्षणहरूको पहिचान र प्रस्तुति गर्ने | ९ |
| ३. | **पर्यटनको उद्भव र विकास** | पर्यटन उद्योग र यसका विभिन्न क्रियाकलापहरूबारे परियोजना कार्यको प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने | ८ |
| ४. | **पर्यटन सङ्गठन** | पर्यटनका अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय सङ्गठनहरू र तिनका कार्यहरूको खोजी र प्रस्तुति गर्ने | ८ |
| ५. | **पर्यटन बजार व्यवस्थापन** | स्थानीय स्तरमा उपलब्ध कुनै एक पर्यटन संस्था/होटल उद्योग/विमान कम्पनीको अवलोकन भ्रमण गरी ती संस्थाहरूले पर्यटन वस्तुको बिक्रीका लागि अपनाउने विधिहरूको जानकारी लिने र प्रतिवेदन तयार गर्ने | ८ |
| ६. | **नेपालमा पर्यटन** | नेपालका विभिन्न प्रदेशस्थित प्रमुख पर्यटन आकर्षणहरूको पहिचान गरी तिनको एल्बम तयार गर्ने र यी आकर्षणहरूको प्रवर्धनमा रहेका चुनौतीहरूका बारेमा कक्षामा प्रस्तुति दिने | ८ |
| ७. | **पर्यटनको प्रभाव** | पर्यटनले पर्यटकीय गन्तव्यमा पार्ने विभिन्न प्रकारका प्रभावहरूका बारेमा चार्ट वा दृश्यात्मक प्रस्तुति दिने | ८ |
| **खण्ड २ पर्वतारोहण पर्यटन** | | | |
| ८. | **साहसिक पर्यटनको परिचय** | शिक्षकले साहसिक पर्यटनका बारेमा श्रव्यदृश्यात्मक प्रस्तुति दिने | ६ |
| ९. | **पर्वतारोहण पर्यटनको परिचय** | नेपालका प्रमुख हिमालहरूको विवरण तयार गरी हिमाली प्रकृति तथा संस्कृतिका बारेमा प्रस्तुति दिने | ७ |
| १०. | **नेपालमा पर्वतारोहण पर्यटन** | नेपालको पर्वतारोहण पर्यटनका नियम, विधि र प्रक्रिया तथा क्रियाकलापहरूका बारेमा कक्षामा समूहगत छलफल र प्रस्तुति गर्ने | ७ |
| ११. | **पर्वतारोहणसम्बन्धी आधारभूत कुरा** | विद्यार्थीहरूबाट नेपालका प्रमुख हिमालहरूको तस्बिर सङ्कलन गर्न लगाई प्रदर्शन गर्न लगाउने, नेपालको पर्वतारोहणसम्बन्धी तथ्यहरू सङ्कलन गर्न लगाई चित्रका रूपमा प्रस्तुत गर्ने | ७ |
| जम्मा | | | ८० |

*द्रष्टव्य : विद्यालयले कक्षा ११ मा यो विषयको अध्ययन गर्ने विद्यार्थीहरूका लागि अध्ययन क्षेत्रभन्दा बाहिरको न्यूनतम कुनै एक गन्तव्यको भ्रमण/पदयात्रा/जलयात्रा गराएर अन्तिम मूल्याङ्कनका लागि प्रतिवेदन लेख्न लगाउनुपर्ने छ ।*

कक्षा १२

| खण्ड १ : यात्रा र भ्रमण, पदयात्रा र जलयात्रा | | | |
|---|---|---|---|
| **एकाइ** | **विषयक्षेत्र** | **क्रियाकलाप** | **पाठ्यघण्टा** |
| १. | **अवकास, आनन्द र पर्यटन तथा आतिथ्यको परिचय** | फुर्सद, मनोरञ्जन तथा पर्यटन उद्योगमाथि कक्षामा छलफल गर्ने, स्थानीय मनोरञ्जन केन्द्रहरूको नाम सङ्कलन तथा उनीहरूका मुख्य सेवाहरूमाथि प्रस्तुति गर्ने | ४ |
| २. | **यात्रा विवरणिका** | यात्रा योजना निर्माण तथा विभिन्न प्रकारका यात्रा विवरणिका निर्माणको अभ्यास गर्ने | ८ |
| ३. | **आधारभूत पर्यटन सेवा** | नेपालमा यात्रा तथा आतिथ्य सेवासम्बन्धी व्यवसायका प्रक्रियातथा आवश्यकताहरूका विषयमा परियोजना कार्य गरी सोको प्रस्तुति गर्ने | ८ |
| ४. | **पर्यटन वस्तु तथा सेवाहरूको मूल्य निर्धारण तथा बिक्री** | स्थानीय स्तरमा विद्यमान पर्यटन वस्तुहरूको पहिचान गरी तिनको प्रभावकारी बिक्रीका लागि उपयुक्त बिक्री रणनीति तयारी र प्रस्तुति गर्ने<br>कनै एक पर्यटन वस्तु अथवा गन्तव्यको वैयक्तिक अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्ने | ७ |
| ५. | **स्वागत तथा स्थानान्तरण** | ट्राभल एजेन्सीको भ्रमण गरेर अतिथिको स्वागत गर्दा र बिदाइ गर्दा ट्राभल एजेन्सीहरूले पूरा गर्ने प्रक्रियाहरूको सूची तयार पार्ने ।<br>अतिथिको स्वागत तथा बिदाइको अभ्यास गर्ने । | ७ |
| ६. | **ग्राहक सेवा तथा आधारभूत बिक्री सिप** | अतिथिहरूको रेखदेख तथा प्रभावकारी अतिथि सेवाको अभ्यास गर्ने | ६ |
| **खण्ड २ : हवाई यात्रा** | | | |
| ७. | **यात्रासम्बन्धी सूचना तथा कागजात** | यात्रा सूचनाका विभिन्न स्रोतहरूको प्रदर्शनी गर्ने, यात्राका विभिन्न सूचना, राहतदानी तथा प्रवेश आज्ञाहरूका नमुना सङ्कलन गरी प्रदर्शन गर्ने | ६ |
| ८ | **हवाई भाडासम्बन्धी आधारभूत कुरा** | ट्राभल एजेन्सीहरूको भ्रमण गरी हवाई भाडासम्बन्धी आधारभूत नियम तथा निर्धारण प्रक्रियाका बारेमा जानकारी लिने र त्यसको | ८ |

| | | | |
|---|---|---|---|
| | | विवरण तयार गर्ने | |
| ९ | **यात्रु हवाई टिकट** | हवाई टिकट तयारी गर्ने, कक्षाकोठामा हवाई टिकटका आवश्यक तत्त्वहरूका बारेमा छलफल गर्ने | ८ |
| | **खण्ड ३ : पर्वतारोहण पर्यटन** | | |
| १०. | **पर्वतारोहणका आधारभूत कुरा** | हिमाल आरोहणका गतिविधिसम्बन्धी भिडियोहरूको प्रस्तुति गर्ने श्रव्यदृश्य सामाग्रीबाट हिमाल आारोहण गर्दाका खतरा तथा यसका असरका बारेमा विवरण तयार गरी प्रस्तुत गर्ने | ९ |
| ११. | **पर्वतारोहण अभियान : सिप र ज्ञान** | आरोहीहरूको उद्धारको नमुना अभ्यास गरी प्रतिवेदन तयार गर्ने | ८ |
| | **जम्मा** | | ८० |

## ६. सिकाइ सहजीकरण प्रक्रिया

पर्यटन तथा पर्वतारोहण शिक्षासम्बद्ध सहजीकरण क्रियाकलापहरू सञ्चालन गर्दा विद्यार्थीहरूका पूर्वअनुभव, अवधारणा, उनीहरूको बसोबास क्षेत्रको अवस्था, बसोबास क्षेत्रमा विद्यमान प्राकृतिक तथा सांस्कृतिक विशेषताहरू, विद्यार्थीको अभिरुचि तथा धार्मिक सांस्कृतिक विश्वास आदि समेतलाई ध्यान दिनुपर्छ । यो विषय प्रयोगात्मक विषयसमेत भएकाले प्रदर्शन, अवलोकन र उपयोगलाई विशेष प्राथमिकता दिनुपर्छ । सैद्धान्तिक विषयवस्तुको प्रस्तुतिपछि विद्यार्थीहरूलाइ यथासम्भव उदाहरण, स्थलगत भ्रमण एवम् प्रयोगात्मक कार्य गर्न लगाउनुपर्छ । सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थीमा समझदारी, क्रियात्मक सोचाइ तथा प्रयोगात्मक सिप र अभिवृत्तिको विकास गर्ने क्रियाकलापलाई जोड दिनुपर्छ । सिकाइलाई बोधमा मात्र सीमित नराखी ज्ञानमा पूर्णता प्रदान गर्नका लागि पर्याप्त अवसर दिई प्राप्त ज्ञानलाई सिर्जनात्मक प्रयोगमा रूपान्तरण गर्न सक्ने अवस्थामा पुऱ्याउनुपर्छ । सिकाइ सहजीकरणका क्षेत्रमा विद्यालयमा उपलब्ध हुन नसक्ने सामग्री र तिनीहरूको प्रयोगका सम्बन्धमा स्थानीय स्तरका सम्बन्धित क्षेत्रमा क्रियाशील संस्थाहरू, सामुदायिक स्रोत र अभिभावकसँग सम्पर्क गर्नुपर्छ । यस्ता स्रोतहरूको प्रयोग गर्दा सम्बन्धित ठाउँमा नै लगेर तिनको प्रयोग र सञ्चालित क्रियाकलाप आवश्यकताअनुसार प्रदर्शन गर्नुपर्छ ।

निर्दिष्ट उद्देश्य प्राप्तिका लागि सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न विभिन्न विधिको प्रयोग गर्न सकिन्छ ।

यस विषयमा छलफल विधि, अवलोकन भ्रमण विधि, प्रदर्शन विधि, खोज विधि, प्रश्नोत्तर विधि, प्रयोग विधि, श्रव्य/दृश्य प्रस्तुति विधि, परियोजना कार्य, समस्या समाधान विधि जस्ता विधिहरूलाई विषयवस्तुको स्वरूप तथा परिस्थितिअनुकूल हुने गरी प्रयोग गर्न सकिन्छ । यहाँ प्रस्तुत विधिहरू नमुना वा सङ्केत मात्र हुन् । सबै परिस्थितिमा यी विधिले मात्र पूर्णता नपाउन सक्छ । त्यसैले प्रत्येक शिक्षकले यहाँ प्रस्तुत गरिएका विधिलाई एउटा आधारका रूपमा लिई आफ्नो ठोस परिस्थितिअनुकुल शिक्षण विधि तथा प्रक्रियाको छनोट गर्नुपर्दछ ।

## ७. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन आवश्यक छ । यसको प्रभावकारी रूपमा कार्यान्वयन तथा विद्यार्थीको सिकाइस्तर सुधार गर्न सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने छ ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण संयन्त्र मूल्याङ्कन हो । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सिकाइ उपलब्धिहरूलाई ध्यान दिई सक्षमता र सिकाइ उपलब्धिअनुरूप सिकाइको सबै स्तरलाई समेटेर गर्नुपर्दछ । आन्तरिक र बाह्य मूल्याङ्कनमार्फत यस विषयको मूल्याङ्कन हुने छ । मूल्याङ्कनको कुल भारमध्ये २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य मूल्याङ्कन हुने छ । यसै गरी बाह्य मूल्याङ्कनअन्तर्गत लिखित परीक्षा सञ्चालन हुने छ । विद्यार्थी मूल्याङ्कनअन्तर्गत निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन दुवै तरिकाबाट नै गरिने छ । यस विषयका पाठ्यक्रममा समावेश गरिएका तहगत सक्षमताहरू, कक्षागत सिकाइ उपलब्धि र तिनका विषयवस्तु, सोसँग सम्बन्धित सिप, सिकाइ सहभागिता र सिकाइ सक्रियताका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुपर्दछ ।

**(क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । विद्यार्थीहरूले सिके नसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुन: सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रियालाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । कक्षा ११ र १२ को समाजशास्त्र विषय सिकाइका क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ र मूल्याङ्कनका लागि विद्यार्थीको अभिलेख राख्नुपर्छ । सोका आधारमा नै सिकाइ अवस्था यकिन गरिन्छ र आवश्यकतानुसार उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ । शिक्षकले यस प्रकारको मूल्याङ्कन निरन्तर रूपमा गरी विद्यार्थीहरूमा अपेक्षित सिप र व्यवहार विकासमा जोड दिनुपर्छ ।

यस विषयमा कक्षा ११ र १२ मा कुल भारमध्ये २५ प्रतिशत भार आन्तरिक मूल्याङ्कन हुने छ । यसको मूल्याङ्कन निम्नअनुसार हुने छ :

आन्तरिक मूल्याङ्कनको २५ प्रतिशत भारअन्तर्गत निम्नअनुसारको मूल्याङ्कन गरी अङ्क प्रदान गरिने छ :

| क्र.सं | क्षेत्र | परीक्षण गर्ने पक्ष | अङ्कभार | मूल्याङ्कनका आधार |
|---|---|---|---|---|
| १. | सिकाइ सहभागिता | सिकाइ सहभागिता | ३ | सक्रिय सिकाइका लागि दैनिक कक्षा उपस्थिति, व्यक्तिगत, समूहगत र कक्षागत सिकाइ सहभागिता |
| २ | परियोजना कार्य | परियोजना कार्य प्रतिवेदन तयारी र प्रस्तुतीकरण | ८ | परियोजना कार्य, प्रतिवेदन र प्रस्तुतीकरण |
| ३ | अवलोकन भ्रमण | अवलोकन भ्रमण, प्रतिवेदन तयारी र प्रस्तुतीकरण | ८ | अवलोकन, प्रतिवेदन तयारी र प्रस्तुति |
| ४ | विषयवस्तुगत मूल्याङ्कन | त्रैमासिक परीक्षा | ६ | त्रैमासिक परीक्षाहरूको मूल्याङ्कनका अभिलेखबाट |
| जम्मा | | | २५ | |

### (ख) बाह्य मूल्याङ्कन

यस विषयमा कक्षा ११ र १२ प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ । बाह्य मूल्याङ्कनअन्तर्गत सैद्धान्तिक पक्षको मूल्याङ्कनका लागि कुल भारको ५० प्रतिशत छुट्याई पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, समस्या समाधान, समालोचनात्मक, सिर्जनासँग सम्बन्धित प्रश्नहरू सोधिने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरिन्छ । प्रयोगात्मक बाह्य मूल्याङ्कनका लागि कुल भारको २५ प्रतिशत भार छुट्याइएको छ ।